
# गाउँपालिका अध्यक्ष श्री शेर बहादुर सुनुवारले उमाकुण्ड गाउँपालिकाको तेश्रो गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८०/२०८१ को उमाकुण्ड गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम




उमाकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

७ असार २०८०

www.umakundamun.gov.np

उमाकुण्ड गाउँपालिकाको यो गरिमामय गाउँसभाको रोष्टममा सातौ पटक उभिई गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/२०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित छु । यो सुनौलो अवसर प्रदान गर्नुहुने आम उमाकुण्ड वासी आदरणिय दाजुभाई तथा दिदी बहिनीहरु प्रति कृतज्ञता प्रकट गर्दै यो गरिमामय सभामा उपस्थित हुनु हुने गाउँ सभाका सम्पूर्ण सदस्यहरु लगायत अन्य महानुभावहरु प्रति हार्दिक स्वागत तथा अभिबादन व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम त यस महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको लागी नेपाली जनताले गर्दै आएको सवै किसिमको संघर्षको स्मरण गर्दै देशको विभिन्न सामाजिक तथा राजनीतिक परिवर्तन र लोकतान्त्रिक आन्दोलनमा देश र जनताको लागी आफ्नो जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सम्मान व्यक्त गर्न चाहन्छु । साथै घाईते अपांग तथा वेपत्ताहरुको त्याग तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनिय योगदान प्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको सरकार हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले गर्ने व्यबस्था गरेको छ । यी तीनै तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानुन निर्माण गर्ने विभिन्न निर्णयहरु गर्ने नीति, कार्यक्रम तथा योजना बनाउने बार्षिक बजेट तयार गर्ने तथा त्यसको कार्यान्वयन गर्ने व्यबस्था गरेको छ ।

जनताको सवैभन्दा नजिकको सरकारको हैसियतले नेपालको संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थतन्त्र हामीले अपनाएको परिपुर्ण लोकतन्त्रको सिद्धान्त बमोजिम उमाकुण्डवासीको आकांक्षा र आवश्यक्ता सम्वोधन तथा लोकतन्त्रका लाभहरु वितरण गर्न उमाकुण्ड गाउँपालिका जिम्मेवार र प्रतिवद्ध रहेको छ । जनताका आधारभुत सेवा सूविधा जनताकै सवै भन्दा निकटका निकायहरुबाट प्रबाह गर्दानै बढि प्रभावकारी हुन्छ भन्ने विकेन्द्रकरण सम्बन्धि सिद्धान्तको परिस्कृत एवम् परिमार्जित रुप सङ्घीय साशन व्यबस्था हो । यसलाई हामीले गाउँ गाउँमा सिंहदरबार पुर्‍याउने अभियानको रुपमा लिएका छौं ।

झण्डै ४५१.९९ वर्ग मिटर क्षेत्रफलमा फैलिएको उमाकुण्ड गाउँपालिका देशकै दुर्गम र भौगोलिक हिसावले विशाल गाउँपालिका हो । यो गाउँपालिका आफैमा आत्मनिर्भर गाउँपालिका बन्न सकेको छैन, तर आफ्नो श्रोत साधनलाई अधिकतम प्रयोग गरि आफैमा आत्मनिर्भर स्थानीय तह बन्न सक्ने आधार भएको हाम्रो गाउँपालिकाको विकासको लागी अहिलेलाई संघीय सरकार र प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्नुपर्नेमा संघीय संरचना निर्माण भएपश्चातको कुनै पनि सरकारले यस गाउँपालिकाको विकास र समृद्धिलाई प्राथमिकतामा राखेको छैन । यो उमाकुण्ड वासीको लागी  दुर्भाग्य हो । आफ्नै सिमित श्रोत र साधनको प्रयोग गर्दै गुणस्तरिय सेवा प्रवाह, सहित यस अवधिमा हाम्रो गाउँपालिकाले विकासमा भने निकै फड्को मारिसकेको छ । यसलाई निरन्तरता दिंदै आगामी दिनमा उमाकुण्डवासीको विकास र समृद्धिको चाहानालाई पुरा गर्ने प्रतिवद्धता पनि म यो अवसरमा व्यक्त गर्न चाहान्छु ।

अव म नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय आकांक्षा, दिगो विकास लक्ष्य, नेपाल सरकार, बागमती प्रदेश सरकार र उमाकुण्ड गाउँपालिकाको तय गरेको विभिन्न गुरुयोजनाहरु, दिर्घकालिन सोच, नीति, योजना र लक्ष्यका साथै गाउँपालिकाको वर्तमान परिस्थितिलाई मध्यनजर राखि आर्थिक वर्ष २०८०/२०८१ को वार्षिक नीति तथा कार्यक्रम यो गरिमामय गाउँसभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

१. कृषिमा विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता गरिनेछ । खाद्य सुरक्षा र खाद्य सम्प्रभूताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्न आवश्यक नीतिगत व्यवस्था गरि दिगो उत्पादन, उत्पादन प्रोत्साहन, भण्डारण तथा प्रभावकारी वितरणको व्यवस्था मिलाईनेछ । उमाकुण्ड गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्दनको लागी आवश्यक नीति तर्जुमामा जोड दिईनेछ ।

२. उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिका अर्न्तगतको कृषि तथा पशुपंक्षी विकास शाखालाई श्रोत साधन सम्पन्न बनाई कृषकहरुको समस्या समाधानमा कृयाशिल गराईनेछ ।

३. सबै वडाहरुमा क्रमश : कृषि सेवा केन्द्र स्थापना गरी सम्पूर्ण कृषकहरुको लागि कृषि प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिने छ ।

४. उत्पादनमा आधारित प्रोत्साहन नीतिलाई जोड दिदै स्थानीय उत्पादनलाई प्रवर्दन तथा संरक्षण गर्न स्थानीय महत्वका लोपोन्मुख बालीहरु उत्पादन गर्ने कृषकहरुलाई आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ ।

५. उमाकुण्ड गाउँपालिकाको उत्पादनलाई प्रोत्सहन र बजारीकरणमा समेत सहयोग गर्ने उद्धेश्य अनुरुप उमाकुण्ड गाउँपालिका, वडा कार्यालयहरु सवै विद्यालयहरु तथा अन्य कार्यालयहरुले प्रयोग गर्ने खाजा, खानामा स्थानीय उत्पादनको प्रयोग गर्ने कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाईने छ ।

६. सवै खेतीवालीको विकास र विस्तारको मुख्य आधार स्तम्भ उन्नत र गुणस्तरिय विउ नै हो, तसर्थ गाउँपालिकाले कृषकहरुको खेत बारीमा उन्नत र गुणस्तरीय विउ पुर्याई उत्पादन बृद्धि गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखि कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिनेछ ।

७. खाद्यन्न, तरकारी तथा फलफुलजन्य उत्पादनलाई उच्च प्राथमिकता दिई उत्पादन अभिवृद्धि गरि आत्मनिर्भर बन्न धान, मकै, गहुँ, आलु, सुन्तला जातका फलफुल पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८. कृषि उत्पादनको लागि गुणस्तरीय सामाग्रीहरु र कृषियन्त्र तथा औजार, आधुनिक प्रविधिको विकास र विस्तारमा उच्च प्राथमिकता दिईनेछ । कृषि उत्पादनमा प्रयोग हुने सामाग्रीहरु समयमानै आपूर्तिको व्यवस्था मिलाउदै किसान तथा व्यवसायिकहरुसँगको सहकार्य र साझेदारीमा कृषकहरुको लागत घटाउने किसिमको यन्त्र उपकरणमा दिईदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषिको लागी अत्यावश्यक सिंचाई योजनाहरुको सञ्चालन, तथा मर्मतको कार्यलाई निरन्तरता दिईने छ ।

९. उमाकुण्डवासीहरुलाई फलफुलमा आत्मनिर्भर बनाउनको लागी प्रत्येक परिवारको सदस्य बराबर भुगोल अनुसारको कम्तिमा एक परिवार सदस्य बराबर १ फलफुल विरुवा रोप्ने कार्यलाई अभियानको रुपमा अगाडी बढाईनेछ ।

१०. कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्ने तथा व्यवसायिक कृषि पेशामा आकर्षण बढाउन निश्चित मापदण्ड तयार गरि गाउँपालिका

भित्रका उत्कृष्ट कृषक छनोट गरि वार्षिक रुपमा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११. प्रमुख खाद्य वस्तुमा आत्मनिर्भरता, निर्यात प्रवर्दन, औधोगिक प्रवर्दन, तथा सिमान्तकृत समुदायको खाद्य तथा पोषण सुरक्षाको परिप्रेक्ष्यमा रणनीतिक महत्वको वाली वस्तुको पहिचान गरी ति वाली वस्तुको प्रवर्दनात्मक क्रियाकलापका साथै उत्पादनको आधारमा अनुदान दिने रणनैतिक उपायको खोजि गरिनेछ । उमाकुण्ड गाउँपालिका आलु उत्पादनको प्रमुख स्थल हो । आलु खेतीलाई प्रवर्दन गरि आलुको चिप्स उत्पादन गरि बजारीकरणको लागी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१२. गाउँपालिका भित्रका सबै पशुपंक्षिमा लाग्ने विभिन्न किसिमका रोगको परामर्श, निदान, उपचार तथा अत्यावश्यक औषधी वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिदै सेवालाई सहज एवं थप प्रभावकारी बनाईनेछ ।

१३. पशुपालन व्यवसायलाई आधुनिक बनाउदै विविधिकरण गर्न पशुमा कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ, साथै पशु बिमा कार्यक्रमको सुरुवात गर्ने र पशु उपचार शिविर तथा महामारी रोग विरुद्ध खोप कार्यक्रमलाई प्रभावकारी ढंगबाट अगाडी बढाईनेछ ।

१४. महामारी रोगहरु फैलिएको बेलामा आवश्यक पर्ने रोकथाम तथा औषधीहरुको प्रयोग र व्यवस्थापन गर्नका लागि छुट्टै विपद व्यवस्थापन कोषको प्रवन्ध मिलाईनेछ ।

१५. उमाकुण्ड गाउँपालिकाको बजार क्षेत्रमा ठुला तथा मझौला जनावरका मासुको विक्रि, वितरणका लागि व्यवसायिक बधसाला र फ्रेशहाउस निर्माणमा अनुदानको व्यवस्था मिलाईने छ ।

१६. उमाकुण्ड गाउँपालिकाको कृषकहरुले उत्पादन गरेको दूध विक्रिको उचित प्रवन्ध मिलाईनेछ । दूध प्रशोधनको लागी आवश्यक यन्त्र उपकरणको लागी कृषकहरुलाई आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ ।

१७. मत्स्य मिसन, चौरी प्रवर्दन जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिँदै सम्भाव्यता अध्ययनको आधारमा पशु पकेट विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८. उमाकुण्ड गाउँपालिका भित्र लघु घरेलु तथा साना उद्योगहरुको स्थापनाका लागि जोड दिइनेछ, जसवाट गाउँपालिका भित्र विभिन्न किसिमका उद्योग

व्यवसायहरु सञ्चालनमा आई स्थानीय श्रोत तथा साधनहरुको समुचित परिचानका साथै स्थानीय स्तरमा रोजगारीको सृजना गरिनेछ ।

१९. गाउँपालिकाभित्र सृजना भएका लघु उद्यमीहरुद्धारा सञ्चालित लघु उद्यमको अवस्था पहिचान र विश्लेषण गरी आवश्यक्ताका आधारमा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ । जसवाट स्थानीय स्तरमा सञ्चालनमा रहेका उद्यमहरुको विकास तथा विस्तार भई उत्पादन बृद्धि हुनेछ ।

२०. गाउँपालिका भित्र सञ्चालनमा रहेका लघु घरेलु, साना उद्योग, कृषि, पशु फर्महरुको क्षमता विकासमा जोड दिइ उद्योग प्रवर्द्धन गरी उत्पादनमा बृद्धि गरिनेछ । व्यवसायिक सीप विकास मार्फत गाउँपालिकामा पहिचान भएका उद्यमिहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडलमा नयाँ लघु, घरेलु उद्यमी सृजना गरि सम्भाव्य उत्पादनका लागी प्रविधि हस्तान्तरण गरिनेछ । नयाँ लघु उद्यमीहरुको आवश्यक्ता र पहिचानको आधारमा सीप विकास तालिम प्रदान गरि स्थानीय स्तरमा रोजगारीको सृजना र विकासमा टेवा पुऱ्याइनेछ ।

२१. उमाकुण्ड गाउँपालिका भित्र रहेका स्थानीय श्रोत तथा साधनमा आधारित गरीविको रेखामुनी रहेका नागरिकहरुको आर्थिक स्तर बृद्धि तथा सीप क्षमताको विकास गर्न स्थानीय स्तरमा लघु उद्यमहरुको स्थापना गरी न्यून आय भएका, उद्यम व्यवसाय गर्न चाहने नागरिकहरुका लागि वडा स्तरमा उद्यमशिलता विकासको माध्यमवाट मेडपा मोडलमा लघु उद्यमहरुको स्थापना र विकास गरिनेछ ।

२२. गाउँपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि उद्योग प्रवर्द्धन कर्जा कोषको स्थापना गर्ने र न्यून आय भएका कर्जामा पँहुच नभएका उद्योगीहरुलाई छिटो, छरितो र सुलभ रुपमा सहुलियत कर्जा प्रवाह गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

२३. उमाकुण्ड गाउँपालिका भित्र रहेका सम्पुर्ण सहकारी तथा वित्तीय संस्थाहरुको संस्थागत विकास गरी पालिका भित्र क्रियाशिल सहकारी संस्था तथा वित्तीय क्षेत्रमा सेवा प्रवाह गरिरहेका संस्थाहरुवाट गरिने सेवा प्रवाह र सुचना अध्यावधिक कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गराई एकरुपता कायम गरिनेछ । साथै सवै खाले सहकारीको नियमन/अनुगमन गरि जनताको लगानी सुरक्षाको सुनिश्चितता गरिनेछ । स्थापना भई निष्क्रिय रहेको सहकारीहरुको सक्रियताको लागी आवश्यक पहल लिईनेछ ।

२४. अत्यावश्यक वस्तु तथा सेवामा पहुँच नपुगेका, न्यून आय भएका, विपन्न उपभोक्ताहरुको सुविधा र राहतको लागी सहकारीतामा आधारित एक वडा एक सुपथ

मुल्य पसल सञ्चालन गर्ने नीति अघि बढाईनेछ । यसमा उपर्युक्त उद्धेश्य सहित उमाकुण्ड गाउँपालिकामा स्थापना भएको सहकारीहरुको खोजी गरिनेछ ।

२५. सहकारी संस्थामा हुने गतिविधिहरुलाई ऐन, नियम, नियमावली बमोजिम गराउन सहकारी संस्थाहरुको क्षमता विकास गरिनेछ । जसमा सहकारी शिक्षा, सहकारी लेखा व्यवस्थापन र COPOMIS व्यवस्थापन सम्वन्धि सीप क्षमताको विकास गराइनेछ । साथै सहकारीमा लगानी गर्ने उमाकुण्डबासीको लगानीको सुरक्षाको लागी सहकारी संस्थाहरुलाई जिम्मेवार बनाईनेछ । सहकारी संस्थाहरुप्रतिको नागरिकको गुनासो सुनुवाई गर्न आवश्यक संरचना निर्माण गरिनेछ ।

२६. यस गाउँपालिकाको पर्यटकीय आकर्षणको केन्द्रको रुपमा रहेको ताँमे, उमातिर्थ(उत्तरकाँशी), चण्डि मन्दिर, उम्देश्वर महादेवको मन्दिर, रामजी थान, शेर्पा हिल टप एकाङ्ग, थोदुङ गुम्बा, नाजिङ फाक्सिङ पार्क, थामडाँडा पार्क लगाएतको क्षेत्रमा निर्माण भईरहको पर्यटकीय पुर्वाधार निर्माणको कामलाई यस वर्ष पनि निरन्तरता दिईनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको सानको रुपमा रहेको प्राकृतिक गुम्वा काओछ्योर्तेन गुम्वालाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नको साथै नुम्वुर हिमालमा आरोहन अनुमतिको लागी आवश्यक पहल गरिनेछ ।

२७. नागरिकले आफ्नै वडामा फुर्सदको समयमा घुमफिर गरि मनोरञ्जन प्राप्त गर्न सक्ने गरि एक वडा एक आकर्षक पर्यटीकय पुर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ । सोहि नीति अन्तर्गत वडा वडामा निर्माण भईरहेको पर्यटकिय संरचनालाई थप व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२८. संघीय सरकार र प्रदेश सरकारको समेत साझेदारीमा उमाकुण्ड गाउँपालिकामा रहेको ऐतिहाँसिक मठ मन्दिर र सम्पदाको संरक्षण कार्य अगाडी बढाईनेछ ।

२९. रोजगार क्षेत्रको पहिचान गरिने छ : निजी क्षेत्र तथा अन्य रोजगार प्रदायक संघ संस्थासँग पनि रोजगार विनिमय, समन्वय र सहकार्य गरिनेछ । साथै आयोजना छनोट गर्दा उच्चतम प्रतिफल दिनुका साथै दीर्घकालीन रोजगार दिने क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

३०. रोजगार सेवा केन्द्रले गाउँपालिकामा उपलव्ध भएको श्रमिक, सीप र क्षमता रोजगार दाताहरुसँगको परामर्श र समन्वयमा रोजगारदाताहरुलाई उपलव्ध गर्ने व्यवस्थ मिलाईनेछ । साथै सरकारी, गैर सरकारी, निजी क्षेत्र, अन्य निकाय तथा प्रतिष्ठानहरुसँग कार्यक्रम तथा लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. वैदेशिक रोजगारमा संलग्न हुन चाहने व्यक्तिहरुको श्रम स्वीकृति र पुन श्रम स्वीकृतिमा सहजीकरण सम्बन्धी सेवा, सुचना प्रवाह, परामर्श र सुरक्षित आप्रवासन सेवालाई व्यवस्थित ढंगबाट अगाडी बढाईनेछ।

३२. श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको बाहेक व्यक्तिको उत्पति, धर्म, वर्ण, जातजाती, लिङ्ग, भाषा, क्षेत्र, वैचारीक आस्था वा अन्य सवै प्रकारको भेदभावलाई न्यूनिकरण गर्दै लैजाने नेपाल सरकारको रणनीतिक उद्धेश्य परिपुर्ति गर्ने कार्यलाई विशेष प्राथमिकता दिईने छ।

३३. गाउँपालिकामा उपलव्ध रोजगारीका अवसरमा संलग्न हुन रोजगार परामर्श सेवा उपलव्ध गराउने कार्यको सुरुवात गरिनेछ।

३४. मानसिक स्वास्थ्यको लागि आकस्मिक कोष, सुरक्षित बैदेशिक रोजगारीको लागि सूचनाको पहुँचको लागि समुदाय स्तरमा होर्डिङ बोर्डको व्यवस्था, वित्तिय साक्षरता तथा मनोपरामर्श समूहको सहभागीहरुलाई सीप तालिमको व्यवस्था, मानसिक स्वास्थ्य सम्बन्धि पिर चिन्ता दिक्दारीपन साथै आत्महत्या न्यूनिकरणको लागि सामुदायिक जनचेतनामूलक कार्यक्रमहरु र बौद्धिक अपाङ्गता तथा सुस्त मनस्थिति भएको बालबालिकाहरुको डाटा संकलन गरी शिक्षाको पहुचमा पुऱ्याउनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

३५. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गर्ने र वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धि मुलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदान गर्नका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।

३६. गाउपालिका भित्र प्राप्त हुने विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरुलाई न्यूनीकरण गर्नका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ।

३७. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सीप र पूँजीलाई व्यवस्थापन तथा संस्थागत गर्ने, वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धि सेवामा सहजिकरण गर्ने, ठगी लगायतका समस्याहरु भोगीरहेका व्यक्तिहरुको न्यायमा पहुँचका लागि आवश्यक सहजिकरण गर्ने व्यवस्था मिलाईने छ।

३८. आधारभूत तहमा विद्यार्थी भर्नादरलाई शतप्रतिशत पुऱ्याई भर्ना भएका विद्यार्थीहरुले कक्षा ८ पुरा नगरी विद्यालय छोडेमा त्यसको जानकारी सम्बधित विद्यालयबाट लिई विद्यालय छोडनुपर्ने कारण पत्ता लगाई समाधानका उपायहरु खोजेर पुनः विद्यालय भर्ना गराई अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चित गरी गाउँपालिकाले त्यस्ता बालबालिकालाई उमेर अनुसार व्यवसायिक सीप सिकाउने व्यवस्था मिलाई रोजगारीमा जान वा स्वरोजगार हुन सहयोग गर्ने नीति अवलम्बन गर्ने छ।

३९. बालविकास कक्षा देखिनै विद्यालयमा अध्ययनरत बालबालिकाको हस्त लेखन सुन्दर बनाउन, भाषिक र गणितीय सीप विकास गराउन बालविकास शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनेछ । बालबालिकालाई कक्षा १ मा भर्ना हुँदा प्रारम्भिक बालविकासका आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चि गरेर मात्र भर्ना लिने व्यवस्था मिलाइनेछ।

४०. शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयमा महिनामा २ पटक बालबालिकाको अन्तरिक मूल्याङकन गरी पृष्ठपोषण दिने व्यवस्था मिलाइनेछ । विद्यालयको वार्षिक मूल्याङकन प्रणालीलाई प्रभावकारी बनाउन वडा स्तरीय परीक्षा समिति गठन गरी कक्षा ५ को परीक्षा वडा स्तरीय संचालन गर्ने र अन्तर वडा स्तरीय उत्तरपुस्तिका जाँच गर्ने व्यवस्था मिलाइनेछ । अन्य तहको परीक्षाको मूल्याङकनलाई पनि थप व्यवस्थित बनाइनेछ।

४१. गाउँपालिका भित्र संचालित विद्यालयमा कक्षा १-५ मा ३० र १-३ मा २० जना भन्दा कम विद्यार्थी भएमा शिक्षकलाई तालिमको व्यवस्था गरी बहुकक्षा शिक्षण गर्ने व्यवस्था गरिनेछ । भौगोलिक दुरीको आधारमा बाहेक वा वैकल्पिक व्यवस्था गरेर विद्यार्थी संख्या न्यून भएका विद्यालयहरु र सो विद्यालयमा कार्यरत् शिक्षक कर्मचारीहरुलाई माध्यमिक विद्यालयसँग समायोजन र दरबन्दी मिलान गरी “मेघा विद्यालय” को अवधारण लागू गरिनेछ ।

४२. विद्यालयमा अध्ययनरत कमजोर विद्यार्थीहरुको सिकाइ सुधार गर्न विद्यालयमानै उपचारात्मक तथा सुधारात्मक कक्षाहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत् बालबालिकाको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी विद्यालय नर्स र स्वास्थ्य संस्थासँग सहकार्य गरी प्रत्येक विद्यालयमा अध्ययनरत बालबालिकाको वर्षमा ३ पटक स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ।

४३. सामुदायिक विद्यालयमा कार्यरत बालविकास केन्द्रका शिक्षक, विद्यालय कर्मचारी, र विद्यालय लेखा सहायक कर्मचारीहरुलाई दिइएको न्यूनतम् सेवा सुविधालाई निरन्तरता दिइनेछ । स्थानीय तहको मौलिक कला, संस्कृति, भाषा, धर्म, रीतिरिवाज, रहनसहन,

समुदाय, प्राकृतिक स्रोत साधन तथा पर्यटकिय स्थलहरुको समावेश गरी “हाम्रो उमाकुण्ड” नामका स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।

४४. विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन विद्यालयका बालक्लव मार्फत उमाकुण्ड गाउँपालिकाको शिक्षा ऐनले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालयमा साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने व्यवस्था मिलाइनेछ। साथै वडा स्तरीय बाल संजालले  मासिक रुपमा वडाको लिडर माविमा र गाउँपालिकाले अन्तर विद्यालय प्रतिस्पर्धात्मक गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गरि विद्यार्थीहरुको प्रतिभा पहिचान गर्ने छ। बालबालिकालाई आफनो र अरुको कला, संस्कृति, रहनसहन, भेषभुषासँग साक्षात्कार गर्न प्रत्येक महिनाको अन्तिम दिन “The Last Month या the Day is the Cultural Day”भन्ने अभियानका साथ आफनो जातिय भेषभुषामा विद्यालय आई सिकाइ संस्कर र सम्बन्धित समाजको संस्कृति र रीतिरिवाजसँग जोडिने वातावरण निर्माण गरिनेछ ।

४५. एक माध्यमिक विद्यालय एक चमेना गृह निर्माण कार्यलाई निरन्तरता दिदै माध्यमिक तहमा अध्ययनरत विद्याथीहरुलाई विद्यालयमै दिवा खाजा खुवाउने व्यवस्था मिलाईनेछ । यो कार्यक्रम क्रमिक रुपमा सवै विद्यालयमा पनि कार्यान्वयन गर्दै लैगिनेछ । विद्यालयमा जंकफुड रोक्न र बालबालिका तथा अभिभावकालाई पोषिलो खानेकुराको बारेमा जानकारी गराउन गाउँपालिका भित्रको सबै माध्यमिक विद्यालयमा पोषण कर्नरको स्थापना गर्ने  व्यवस्था गरिनेछ । यो कार्यक्रम क्रमिका रुपमा आधारभूत विद्यलायमा पनि  विस्तार गर्दै लगिने छ।

४६. शिक्षालाई व्यवसायिक र रोजगारमूलक तथा विद्यार्थीलाई उद्यमशील बनाउन गाउँपालिकाले संचालन गरेको एक माध्यमिक विद्यालय एक शैक्षिक उद्यमशीलता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४७. अभिभावक विद्यालय जाऔं, विद्यालय अभिभावक कहाँ जाऔं, भन्ने नाराका साथ बालबालिकाको सिकाइ सुधारमा अभिभावकको लगानीको अपनत्व गर्न अभिभावक साझेदारी कार्यक्रम संचालन गरिनेछ। विद्यालयमा त्रैमासिक रुपमा अनिवार्य अभिभावक भेला गर्ने प्रणालीको विकास गरिनेछ। प्रत्येक विद्यालयलाई न्यूनतम सक्षमताको अवस्था कायम गर्न र विद्यालय वातावरणलाई बालमैत्री बनाउन वडा शिक्षा समितिसँग सहकार्य गरी विद्यालयमा विभिन्न शैक्षिक अभियानहरु संचालन गरिनेछ।

४८. अति विपन्न, अपाङ्ग, असक्त र असहाय, दलित तथा सिमान्तकृत सामुदायका बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र उच्च शिक्षा हासिल

गर्न आर्थिक अवस्था कमजोर भएको विद्यार्थीहरुलाई दिइने अध्यक्ष छात्रवृत्रि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४९. हरेक माध्यमिक विद्यालयमा इको क्लब गठन गरी बालबालिकालाई जीवन र प्रकृतिसँगको सम्बन्ध बुझाउँदै विद्यालयमा हरित क्षेत्र निर्माण गरी "ग्रिन स्कुल"अवधारणको नीति लिइनेछ।

५०. गाउँपालिका भित्र रहेका विद्यालयहरुको भौगोलिकता र उपलब्ध सुविधाका आधारमा वर्गीकरण गरी टाढा सेवा क्षेत्रबाट अध्ययन गर्न आउने विद्यार्थीहरुलाई आवासीय रुपमा बस्ने छात्रवासको निर्माण गर्न आवश्यक पहल र समन्वय गरिनेछ।

५१. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई शिक्षण सिकाईमा प्राविधिको पहुँच बढाउन र मूल्याङकन प्रणालीलाई प्रभावकारी बनाउन विशिष्टिकरण तालिका बमोजिम प्रश्नपत्र निर्माण गर्न तालिमको व्यवस्था गरी शिक्षण सिकाइलाई व्यवहारिक र प्रभावकारी बनाइनेछ।

५२. विद्यालयमा अध्ययनरत बालबालिकाको नेतृत्व विकास गर्न र बालविवाह तथा लागूपदार्थ दुर्व्यसनी जस्ता सामाजिक विकृति विरुद्ध जनचेतना फैलाउन प्रत्येक विद्यालयका स्काउट र बालक्लवलाई सक्रिया गराइनेछ।

५३. युवामैत्री नीति तर्जुमा गरी प्रत्येक वडामा युवालाई संगठित गरी उनीहरुको नेतृत्व क्षमता विकासका लागि अवसरहरु सिर्जना गर्न प्रत्येक वडामा गठन भएका युवा क्लबलाई सक्रिया गराइनेछ।

५४. उमाकुण्ड गाउँपालिका भित्रका खेलाडीहरुलाई स्थानीय, जिल्ला, प्रदेश स्तरको खेलमा विजेता हुँदै २०८४ मा हुने ११ औं बृहत राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने लक्ष्यका साथ खेलकुद गतिविधि संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

५५. उमाकुण्ड गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड तथा एघारौं संस्करणको रामेछाप जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० उमाकुण्ड गाउँपालिका भित्र संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।

५६. उमाकुण्ड गाउँपालिकाको प्रत्येक वडाहरु तथा माध्यमिक विद्यालयहरुमा एथ्लेटिक्स, कराँते, तेक्वान्दो, भलिबल, फुटबल, कबड्डी र उसु खेल संचालन गर्नका लागि आवश्यक प्रशिक्षक राख्ने व्यवस्था मिलाइनेछ।

५७. उमाकुण्ड गाउँपालिकाको प्रिती च्यादलु स्थित रहेको खेल मैदानलाई ४०० मि. एथ्लेटिक्स ट्रयाक सहित कम्तिमा ३००० दर्शक सिट क्षमता भएको प्यारफिट सहितको फुटबल खेल मैदान निर्माण गरिने कार्यलाई निरन्तरता दिईनेछ।

५८. उमाकुण्ड गाउँपालिकाबाट मार्सल आर्ट, कराँते, तेक्वन्दो, बक्सिङ, उसु, व्याटमिन्टन, भलिवल र कबड्डी जस्ता खेलहरुमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न मौसम अनुकुल प्रशिक्षण गराउन तथा खेल संचालन गर्न आर्थिक वर्ष २०८३/०८४ सम्म निर्माण सम्पन्न हुने गरि कर्भड हलको निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय र सहकार्य अगाडि बढाईनेछ।

५९. उमाकुण्ड गाउँपालिका भित्र छरिएर रहेका प्रतिभावान् युवा खेलाडीहरुको पहिचान गरि विधागत खेलहरुमा प्रशिक्षक नियुक्त गरि खेल प्रशिक्षण गराईनेछ।

६०. उमाकुण्ड गाउँपालिका भित्रको प्रत्येक वडाहरुमा रहेका निर्माणधिन खेल मैदानहरु आवश्यक प्रकृया पूरा गराई राष्ट्रिय मापदण्ड अनुसारको खेल मैदान निर्माण कार्यलाई अगाडि बढाईने छ।

६१. उमाकुण्ड खेलकुद विकास समितिलाई आवश्यक फर्निचर सहितको कार्यालय व्यवस्थापन गरी खेलकुद कार्यविधि अनुसार परिचालन गरिनेछ।

६२. रामेछाप जिल्ला भित्र आठ वटा स्थानीय तहहरुमा रहेका खेलाडीहरुलाई प्रतिभा प्रर्दशन गराई जिल्ला, प्रदेश, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका व्यवसायिक खेलाडी उत्पादन गर्न स्थानीय स्तरमा खेलको माध्यमबाट व्यवसायीकरण गर्ने उद्देश्यका साथ उमाकुण्ड लिग फुटबल तथा भलिवल प्रतियोगिता संचालन गरिनेछ।

६३. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगितामा सहभागी भएका उत्कृष्ट र स्थानीय स्तरको उदायमान खेलाडीहरुलाई प्रत्येक वर्ष सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

६४. आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच सुनिश्चित गरिनेछ । सवै नागरिकलाई टोलटोलमा गई स्वास्थ्यकर्मिको प्रत्येक्ष उपस्थितीमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ।

६५. निःशुल्क आधारभुत स्वास्थ्य सेवामा आम उमाकुण्ड वासीहरुको सुलभ र सरल पहुँचको सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई थप गुणस्तरिय तथा प्रभावकारी वनाउन स्वास्थ्य संस्थाहरुमा थप औषधी ,उपकरण, सामाग्रीहरु, ल्याव सेवा तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्तरिय उपचार सेवा प्रदान गर्न अक्सिजन सहितको २ वेड व्यवस्थापन गरिनेछ।

६६. गाँउपालिका स्तरिय खोप भण्डारण कक्ष निर्माण तथा खोप भण्डारणका लागि छुट्टै कर्मचारीको  व्यवस्थापन गरी नियमित खोपलाई निरन्तरता दिदै महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोगथाम  गर्न , धनुष्टङकार रोगबाट वचाउन , रेविज रोगवाट वचाउन उमाकुण्ड गाँउपालिकाको आम नागरिकहरुलाई आवश्यक्ता अनुसार निशुल्क  खोपको व्यवस्था गरिनेछ।

६७. स्वास्थ्य संस्थामा कार्यरत सम्पर्ण कर्मचारीहरुलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रमहरु   सञ्चालन गरिनेछ । ग्रामिण अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी वनाउदै सवै स्वास्थ्य संस्थामा सेवा विस्तार गरिनेछ।

६८. मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी वनाउदै मानसिक रोगका लागि आवश्यक औषधी तथा मनोपरामर्श सेवाको सुनिश्चित गर्दै विभिन्न कार्यक्रहरु सञ्चालन गरिनेछ। स्वास्थ्य सेवा प्रदायकको लागि विभिन्न स्वास्थ्यसंग सम्वन्धित तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न पालिका स्तरिय स्वास्थ्य स्किल ल्यावको व्यवस्थापन गरिनेछ।

६९. उमाकुण्ड गाँउपालिकाको आम गर्भवती र सुत्केरी महिला तथा सुनौलो हजार दिनका वालवालिका लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

७०. एक वडा एक स्वास्थ्य चौकीको अवधारणालाई अनुसरन गर्दै स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी व्यवस्थापनका लागि प्रक्रिया अगाडि बढाईनेछ। एक गाउँ एक डाक्टरको अवधारणालाई अवलम्वन गर्दै पालिका स्तरिय एम वि वि एस अध्ययन छात्रवृत्ति कोटाको विश्लेषण गरि कोटा सिर्जनाको लागि प्रक्रिया अगाडि बढाईनेछ ।

७१. महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहरु लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्वास्थ्य वीमा कार्यक्रमलाई प्रथमिकता दिदै उमाकुण्ड गाँउपालिकाको आम  नागरिकलाई  स्वास्थ्य वीमा कार्यक्रममा  आवद्ध  गराइनेछ।

७२. प्रत्येक स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन गरिनेछ। उमाकुण्ड गाउँपालिका अन्तर्गतको सम्पूर्ण क्षेत्रको खानेपानीको स्वच्छता जाँच गर्ने व्यवस्था मिलाईने छ।

७३. उमाकुण्ड गाउँपालिकाको वडा नं २ बाम्तिमा सञ्चालनमा रहेको आधारभूत अस्पताललाई थप सुविधा सम्पन्न बनाईने छ, भने उमाकुण्ड ४ प्रितिमा चिकित्सक सहितको अस्पताल सञ्चालनमा ल्याईनेछ । उमाकुण्ड वासी नागरिकहरुको स्वास्थ्य

उपचारलाई ध्यानमा राखी स्वास्थ्य संस्थाहरुमा एम्वुलेन्सको व्यवस्थापन गरिनेछ । स्वास्थ्य संस्थाबाट प्रदान गरिने सम्पूर्ण सेवा तथा क्रियाकलापहरुलाई जवाफदेही बनाउन सबै स्वास्थ्य संस्थाहरुमा प्रत्येक वर्ष सामाजिक लेखा परीक्षण गरिनेछ।

७४. नेपाल सरकार, बागमती प्रदेश सरकार र उमाकुण्ड गाउँपालिकाको लगानीमा गाउँपालिकामा धेरै साना ठुला खानेपानी योजनाहरु सञ्चालन भईरहेको छ। जसबाट उमाकुण्ड गाउँपालिकाको धेरै नागरिकहरुको घरघरमा स्वच्छ खानेपानी पुग्ने निश्चित भईसकेको छ । खानेपानीको अभाव भोलिरहेको टोल, वस्ति, सार्वजनिक स्थल र घरधुरीको पहिचान गरि सवै नागरिकको घरधुरीमा खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिईनेछ।

७५. गाउँपालिकामा व्यवसाय गर्ने व्यवसायीहरुले मदिराजन्य तथा अन्य बोतलहरु जथाभावी फाल्ने प्रवृत्तिको विकास भई वातावरण विग्रनुको साथै दुर्घटना र चोटपटकको भय भएको देखिन्छ। त्यसरी मदिराजन्य र अन्य सिसाजन्य वस्तुहरु उचित व्यवस्थापन नगरि जथाभावी फ्याँक्ने व्यापारी, व्यवसाय तथा व्यक्तिहरुलाई कानूनी दायरामा ल्याईने छ। साथै सिसा जन्य वोतलहरु व्यवस्थापनको उचित व्यवस्थापन गर्ने नीति लिईनेछ।

७६. लैंगिक हिंसा निवारण कोष, एकल महिला संरक्षण कोष तथा बालकोषको स्थापना र संचालन गर्ने व्यवस्था मिलाईने छ। साथै लैंगिक उत्तरदायी बजेट निर्माणमा जोड दिई लैंगिक उत्तरदायी शासन पद्धति अवलम्वनमा जोड दिने, लैससास रणनीति कार्यान्वयनमा अवश्यक समन्वय तथा सहकार्य गरी कार्यक्रम संचालन गर्ने, महिला तथा बालबालिकासँग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धी सम्फौताहरु, प्रतिवद्धताहरु तथा दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी यसका सूचकहरु पूरा गर्दै लान आवश्यक व्यवस्था मिलाईने छ।

७७. लक्षित वर्ग पहिचान गरी खण्डीकृत तथ्यांकहरु संकलन तथा अद्यावधिक गरिनेछ। गाउँ पालिकाले निर्माण गर्ने सबै कानून, नीति, नियम, निर्देशिका, कार्यविधि, महिला, बालबालिका, यौनिक तथा लैंगिक अल्पसंख्यक, अपांगता, ज्येष्ठ नागरिक, दलित, लोपन्मुख, सिमान्तकृत आदिवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री बनाउँदै लगिनेछ। लैंगिक उत्तरदायी बजेट परीक्षण तथा लैससास परीक्षणलाई निरन्तरता दिई स्रोत साधनमा  लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लगिनेछ।

७८. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा जोड दिने नीति अवलम्वन  गरिनेछ । बालमैत्री, अपांगतामैत्री तथा लैंगिकमैत्री पूर्वधारको विकासमा जोड  दिइनेछ। लक्षित वर्गको कार्यक्रम संचालन गर्दा

उत्पादनमुखी, सीपमुलक, तथा सचेतनामुलक कार्यक्रममा जोड दिदैं ज्येष्ठ नागरिकहरुको अनुभव र सीपको संरक्षणका लागि अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रममा जोड दिईनेछ ।

७९. महिलाको आयआर्जनमा वृद्धि गर्न उद्यमशिल तथा सीपमुलक कार्यक्रम सञ्चालन गरी अपांगता भएका व्यक्ति तथा महिलाका नाममा उद्योग तथा व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा छुट गरिने नीति अवलम्वन गरिनेछ ।

८०. बालबालिका माथि हुने सबै खाले शोषण, दुर्व्यवहार, बालश्रम, बालविवाह जस्ता विभेदको अन्त्य गरी बालमैत्री गाउँपालिका घोषणा गर्ने, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा नियन्त्रणमा जोड दिई लैंगिक हिंसा मुक्त पालिका घोषणा गर्ने, जातीय भेदभाव तथा छुवाछुत, दाइजो, छाउपडी, बोक्सी जस्ता कुप्रथा उन्मुलनको लागि आवश्यक नीति अवलम्वन गरिनेछ ।

८१. अपांगता भएका व्यक्तिहरुलाई समुदायमा पुनस्थापना गर्नको लागि अपांगता भएका व्यक्ति तथा निजका परिवारका सदस्यलाई आर्थिक तथा सामाजिक सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ । दलित समुदायको मौलिक तथा परम्परागत पेशा, ज्ञान, सीप र कलाको संरक्षणको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । साथै बाबुआमा विहिन बालबालिकाको पहिचान तथा संरक्षण गरी उचित शिक्षा दिक्षाको व्यवस्था गरिनेछ ।

८२. गाउँपालिका बासीहरुलाई व्यक्तिगत घटनादर्ताको महत्व र आवश्यकताको बारेमा बुझाउँदै ३५ दिन भित्र घटनादर्ता गराउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरि व्यक्तिगत घटनादर्ता सत प्रतिशत पुऱ्याउनको लागि सन्देशमूलक सामग्रीहरुको प्रकाशन तथा प्रशारण गरिनेछ ।

८३. बैंकिङ प्रणालीबाट वितरण गर्दै आएका सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आएका समस्याहरुलाई पहिचान गरी सहकार्य र समन्वयमा समाधान गरिनेछ भने बैंकसँगको सहकार्यमा समाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप सहज गरि लाभग्राहीलाई घर आँगनबाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

८४. गाउँपालिकाको केन्द्र जोड्ने सडक कालोपत्रे गर्ने काम आगामी २ वर्ष भित्र सम्पन्न गरिनेछ । गाउँपालिकाको रणनैतिक सडक मध्यमार्गी सडकको स्तरोन्नतिलाई विशेष जोड दिई सबै वडाका मुख्य सडकहरु नियमित सवारी साधन सञ्चालन गर्न

सकिने गरि स्तरोन्नति गर्ने र अन्य सडकहरु उपभोक्ताहरु सँगको साझेदारीमा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईने छ।

८५. गाउँपालिकाको प्रशासकीय भवन आ.व. ०८०/०८१ मा सम्पन्न गरिने छ। साथै गाउँपालिका स्थित विद्यालय भवन, स्वास्थ्य संस्थाको भवन र अन्य भवन निर्माण कार्यलाई निरन्तरता दिईने छ।

८६. बाँकी स्थानमा केन्द्रिय विद्युत प्रशारण लाईन जडान गर्ने कार्य सम्पन्न गरिने छ। बेला बेला बत्ति गई नागरिकले हैरानी व्यहोरी रहेकोमा यसको समाधानको लागी आवश्यक सहजीकरण गर्दै गाउँपालिकामा निर्मानाधिन जलविद्युत आयोजनाको काम समयमा नै सम्पन्न गर्न आवश्यक सहयोग गरिने छ । सञ्चालित जलविद्युत आयोजनाहरु सँग नागरिकको गुनासो बढिरहेको सन्दर्भमा त्यसको समाधानको लागी गाउँपालिकाले आवश्यक सहजीकरण गर्ने छ।

८७. गाउँपालिकाको विभिन्न बजार क्षेत्रहरुमा बजारीकरण बढ्दै जाँदा फोहोरमैला व्यवस्थापन चुनौतिपुर्ण बन्दै गईरहेको छ, तसर्थ फोहोरमैलाको उचित व्यवस्थापन गर्नको लागी आवश्यक कार्यक्रमहरु अगाडी बढाईने छ। साथै सरसफाई र स्वच्छताको सन्दर्भमा नागरिक स्तरमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

८८.महामारी, प्राकृतिक प्रकोप तथा अन्य विपत्तिहरुको व्यवस्थापन गर्न गाउँपालिकामा स्थापना भएको प्रकोप व्यवस्थापन कोषको समूचित परिचालन गरिनेछ । साथै विभिन्न किसिमको प्रकोप जन्य घटनाबाट क्षति व्यहोरेको र गम्भिर प्रकृतिको रोग लागी उपचार गरिरहेको विपन्न नागरिकहरुलाई दिईदै आएको आर्थिक सहायतालाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ।

८९. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई थप गुणस्तरिय, परिष्कृत तथा प्रभावकारी बनाईने छ । सेवा प्रवाह लगाएतको विषयमा नागरिकको गुनासो सुन्न र समस्या समाधान गर्ने उद्धेश्यका साथ कम्तिमा त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने कार्यक्रम अगाडी बढाईने छ। सेवा प्रवाहलाई सहज, सुलभ, भरपर्दो र कम खर्चिलो बनाउनको लागी सूचना प्रविधिको प्रयोगमा जोड दिईने छ।

९०. गाउँपालिकाबाट प्रवाह हुने सबैखाले सेवा कम्तिमा वर्षको १ पटक वडा वडामा गएर घुम्ति शिविर मार्फत प्रवाह गर्ने कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिईने छ। सार्वजनिक सेवा प्रवाहको क्रममा देखा परेको समस्या हल गर्न आवश्यक पहल गरिने छ।

९१. उपभोक्ता अधिकार, र नागरिकको स्वास्थ्यलाई ख्याल गरि बजार अनुगमन कार्यलाई निरन्तरता दिईने छ। गैर कानूनी ढंगबाट पेशा व्यवसाय गर्ने कार्यलाई निरुत्साहित गरि सवै खाले पेशा व्यवसायलाई कानूनी दायरामा ल्याईने छ।

९२. टोल विकास संस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, लाभग्राही समुदाय, वडा कार्यालय, सम्वन्धित विषयगत समितिसँग आवश्यक समन्वय र सहजिकरण गरि पुँजीगत तर्फको योजनाहरु चैत्र मसान्त सम्म सम्पन्न गरि पुँजीगत खर्च गरिसक्ने नीतिलाई निरन्तरता दिईने छ । योजना कार्यान्वयन गर्नको लागी कार्यतालिका बनाई अगाडी बढिने छ । कार्यतालिका अनुसार काम सम्पन्न गर्ने कार्यालय र कर्मचारीलाई पुरस्कृत गरिने छ, भने कार्यतालिका अनुसार काम सम्पन्न गर्न नसक्ने कार्यालय तथा कर्मचारीहरुलाई दण्डित गरिने छ। चैत्र महिना भित्रै योजना कार्यक्रम सम्पन्न गरि खर्च गरि सक्ने वडाहरुलाई प्रोत्साहन स्वरुप थप योजनाहरु कार्यान्वयनको लागी हस्तान्तरण गर्ने कार्यक्रमको सुरुवात गरिने छ।

९३. जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ । प्रभावकारी कार्यसम्पादनको अपेक्षा सहित सुरुवात गरिएको अतिरिक्त सेवा सुविधालाई यस वर्ष पनि निरन्तरता दिईने छ।

९४. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितराण गर्ने कार्य यहि वर्ष सम्पन्न गर्ने लक्ष्य लिईने छ।

९५. न्यायीक समितिको क्षेत्राधिकार भित्र पर्ने न्यायीक सम्पादन कार्यलाई प्रभावकारी बनाईने छ। न्यायीक समितिमा उजुरी पर्नसाथ त्यस्तो उजुरीलाई फर्स्योटको प्रक्रियामा लगि न्यायिक निरुपन गर्ने कार्यलाई थप प्रभावकारी र बैज्ञानिक बनाईनेछ।

९६. न्यायीक समितिको पदाधिकारीहरुलाई र मेलमिलापकर्ताहरुलाई न्याय सेवा प्रदान तथा मेलमिलापको विधिको विषयमा अभिमुखिकरण गरिने कार्यलाई निरन्तरता दिईने छ।

९७. वडास्तरमा रहने स्थानिय मेलमिलाप केन्द्रबाट संचालन हुने कार्यक्रमलाई प्रोत्साहन गर्नका लागि मेलमिलाप केन्द्रमा कार्यालयको व्यवस्थापनमा जोड दिनका साथै मेलमिलाप कर्ताहरुलाई समेत लक्षित गरेर क्षमता विकास तथा प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

९८. न्यायिक समिति, स्थानिय मेलमिलाप केन्द्र साथै कानुनी विषयमा सर्वसाधरणलाई जानकारी तथा सचेत गराउनका निम्ति वडास्तरमा कानूनी सचेतनामुलक कार्यक्रम

संचालन गरिनेछ । अनुभव आदान प्रदानको लागी अध्ययन अवलोकन भ्रमन जस्ता कार्यक्रमहरुको व्यवस्था मिलाईने छ ।

९९.उमाकुण्ड गाउँपालिका हाल सम्म पर निर्भर स्थानीय तहको रुपमा रहेको छ । आफ्नो आन्तरिक आयको प्रशस्त श्रोत हुँदा हुँदै पनि त्यसलाई प्रभावकारी ढंगबाट परिचालन गर्न नसक्दा हाम्रो कुल बजेटको ५ प्रतिसत हिस्सा पनि आन्तरिक आयले ओगटेको छैन, यो चुनौतिलाई मध्यनजर गरि आन्तरिक आयको वृद्धिको लागी आवश्यक रननीति तय गरि लागु गरिने छ ।

१००. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा तथा घर टहराहरुलाई करको दायरामा ल्याई वहाल विटौरी कर प्रभावकारी ढंगले संकलन गरिनेछ। गाउँपालिका भित्र रहेका ७ वटै वडामा करको अन्योलतालाई हटाई प्रभावकारी रुपमा कर संकलन गर्नको लागि नागरिक स्तरमा सचेतनामुलक अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

१०१. गाउँपालिकाले लिदै आएको सिफारिस दस्तुर स्थानीय वासीको दैनिक जीवनयापनसंग जोडिएको भएकोले गत आ.व. मा निर्धारण भएको दरलाई यथावत राखी करको शुल्क वढाउने भन्दा पनि दायरा ववढाउने कुरामा विषेश जोड दिईनेछ । निर्माण भएका घरहरुको नक्सा पास तथा अभिलेखिकरण गरी गाउँपालिकामा शुल्क वुझाउन वडा स्तरीय नक्सा पास तथा अभिलेखिकरण सम्वन्धि सचेतना अभियान संचालन गरिनेछ।

१०२. गाउँपालिका भित्रवाट निकासी हुने सवै किसिमका वस्तु तथा सामग्रीहरुलाई करको दायरामा ल्याउनको लागि ठेक्का मार्फत निकासी कर संकलन कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ

१०३. संघीय तथा प्रदेश कानूनको अधिनमा रहि सूचना प्रविधि तथा सञ्चार क्षेत्रको सञ्चालन, अनुमति, नविकरण तथा नियमन र खारेजी गर्ने कार्यको सुरुवात गरिने छ।

१०४. दुरसञ्चार सेवा विस्तार तथा भरपर्दो र प्रभावकारी बनाउनको साथै प्रत्येक नागरिक सम्म पुर्यानको लागी नीजि क्षेत्रसँग समन्वय र सहकार्य गर्ने नीति लिईने छ। सम्पुर्ण सरकारी कार्यालयहरुलाई प्रविधि मैत्री बनाईने छ।

१०५. विभिन्न कार्यालयहरु र मुख्य सार्वजनिक स्थल तथा गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरुमा CCTV जडान गरि सुरक्षा संयन्त्र प्रभावकारी बनाईने छ।

१०६. एक विद्यालय एक आई.सि.टि. ल्यवको विकास र विस्तारको काम सुरुवात गरिने छ।

गाउँसभा सदस्यज्यूहरु,

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनले उमाकुण्ड गाउँपालिकाको विकास र समृद्धिमा महत्वपुर्ण योगदान पुर्याउने अपेक्षा सहित गाउँपालिकाको विकासमा टेवा पुर्याउने राजनितिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, श्रमिक, सञ्चार क्षेत्र, नीजि, सहकारी र सामुदायिक क्षेत्र लगाएत सम्पुर्ण उमाकुण्ड वासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

धन्यवाद।